# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY

Kaski, Nepal

चलानी नं.:/Ref. No.

मिति: २०७८।०१।२३

श्री सम्पूर्ण आङ्गिक स्कूलहरु, संयुक्त आङ्गिक कलेजहरु र सम्बन्धन प्राप्त कलेजहरु,
पोखरा विश्वविद्यालय ।

विषय: **प्राज्ञिक परिषद्को निर्णय जानकारी गराएको वारे ।**

पोखरा विश्वविद्यालय, प्राज्ञिक परिषद्को मिति २०७८।०१।१२ गते बसेको ८३औं बैठकको निर्णय नं ख (१), परीक्षा सम्बन्धि निर्णयका बारेमा सबै आङ्गिक स्कूलहरु, संयुक्त आङ्गिक कलेजहरु र सम्बन्धन प्राप्त कलेजहरु लगायत विद्यार्थीहरुको जानकारी एवं आवश्यक कार्यार्थ पठाईएको/प्रकाशित गरिएको व्यहोरा जानकारी गराउँदछु ।

.............................................
प्रा. हरि बहादुर खड्का
डीन, व्यवस्थापन संकाय एवं सदस्य–सचिव, प्राज्ञिक परिषद् ।

**अवगतार्थ:**

१. श्रीमान् उपकुलपति ज्यू, पोखरा विश्वविद्यालय ।

**नोट:** बैठकको निर्णय अर्को पेजमा सम्लग्न छ ।



P.O. Box: 427, Pokhara Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail:info@pu.edu.np
URL: https://pu.edu.np, Tel.:+977-61-504046/504039

# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal

चलानी नं.:/Ref. No.

**पो. वि. प्राज्ञिक परिषद्को ८३औं असाधारण बैठक, मिति २०७८ बैशाख १२, निर्णय नं. ख (१) :**

(१) शैक्षिक सत्र अनुसार सेमेष्टर/ट्राइमेष्टर/वार्षिक परीक्षा प्रणाली सञ्चालन गरीने परीक्षाहरुको सम्बन्धमा ४ वर्षे कोर्षको लागि ८ वर्ष, २ वर्षे कोर्षको लागि ४ वर्षसम्म परीक्षामा सहभागी हुन पाउने व्यवस्था भएकोमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारण पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयबाट नियमीत रुपमा सञ्चालन गरीने सम्पुर्ण परीक्षाहरु स्थगीत हुन गई विद्यार्थीहरुले केही सेमेष्टर/ट्राइमेष्टर/वार्षिक परीक्षामा सम्मिलित हुन बञ्चित हुनुपर्ने अवस्था देखिएकोले उक्त व्यवस्थालाई पुनरावलोकन गर्न पोखरा विश्वविद्यालय परीक्षा समितिको मिति २०७७।११।१२ को निर्णयानुसार परीक्षा नियन्त्रकबाट तपसिल बमोजिम व्यवस्था गरिदिनुहुन भनि श्रीमान् उपकुलपतिज्यूमा मिति २०७७।११।१२ मा सिफारिस गरिएकोमा श्रीमान् उपकुलपतिज्यु बाट मिति २०७७।११।१२ मा स्वीकृती प्रदान गरिएको विषय अनुमोदन गर्ने निर्णय भयो ।

<u>तपसिल</u>

१) ४ वर्षे स्नातक तहको कायक्रमको हकमा वार्षिक २ सेमेष्टरका दरले ८ सेमेष्टर र थप ८ गरी जम्मा १६ सेमेष्टरसम्म परीक्षामा सहभागी हुन पाउने ।

२) २ वर्षे स्नातकोत्तर तहको कार्यक्रमको सेमेष्टर प्रणलीको हकमा वार्षिक २ सेमेष्टरका दरले ४ सेमेष्टर र थप ४ गरी जम्मा ८ सेमेष्टरसम्म परीक्षामा सहभागी हुन पाउने । थेसिसका हक्मा अन्तिम सेमेष्टरको परीक्षा समाप्त भएको मितिबाट १ बर्षको समयावधि Supervisor को सिफारिशमा उपलब्ध हुन् सक्नेछ ।

३) २ वर्षे स्नातकोत्तर कार्यक्रमको ट्राईमेष्टर प्रणालीको हकमा १ वर्षमा ३ ट्राइमेष्टरका दरले ६ ट्राइमेष्टर र थप ६ गरी जम्मा १२ ट्राईमेष्टरसम्म परीक्षामा सहभागी हुन पाउने । GRP का हक्मा अन्तिम ट्राईमेष्टरको परीक्षा समाप्त भएको मितिबाट १ बर्षको समयावधि Supervisor को सिफारिशमा उपलब्ध हुन सक्नेछ ।

४) ४ बर्षे स्नातक तहको कार्यक्रमको बार्षिक प्रणालीको हकमा वार्षिक ४ वटा र थप ४ वटा गरी जम्मा ८ वटा परीक्षामा सहभागी हुन पाउने ।

५) २०२० को कोभिड–१९ को प्रभावले गर्दा थेसीस (Thesis)/GRP को Submission का सन्दर्भमा स्नातकोत्तर तथा एम फिल तहमा विश्वविद्यालयको नियमानुसार सवै विषय उत्तीर्ण भई थेसिसको काम गरिरहेका विद्यार्थीहरुका हक्मा गतबर्ष २०७६ चैत्र ११ लकडाउन शुरु भए देखि २०७७।११।१२ सम्मको अवधिमा ५ बर्ष नाघेका विद्यार्थीहरुका लागि २०२१ अगस्त सम्म समयसिमा थप गर्ने ।



P.O. Box: 427, Pokhara Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail:info@pu.edu.np
URL: https://pu.edu.np, Tel.:+977-61-504046/504039